जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १३३ पृष्ठः ४ | २०८२ भदौ २७ गते शुक्रबार (Friday 12 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# आन्दोलनका क्रममा घाइते लहानका युवक काठमाडौंमा बेपत्ता



सिरहा, २६ भदौ । जेन-जी समूहको आन्दोलन हेर्न गएका सिरहा लहानका एक युवक घाइते भएपछि अस्पतालसम्म पुगेको र त्यसपछि बेपत्ता भएको परिवारजनले जनाएको छ । सिरहाको लहान नगरपालिका-१५, ढोढना सिमलटोकी घर भएका हरिप्रसाद चौधरीका कान्छा छोरा करिब २७ वर्षीय विजय चौधरी बेपत्ता भएको भन्दै परिवारजनले खोजीका लागि सहयोग गरिदिन आग्रह गरेका छन् । लहान- १५ का वडाध्यक्ष तेजनारायण चौधरीका अनुसार विजय मंगलबार साँझ काम गरेर डेरा फर्किने क्रममा साँझ करिब पाँचे बजेतिर बानेश्वरमा भइरहेको प्रदर्शन हेर्न पुगेका थिए । 'त्यहाँ घाइते भएका भनिएका उनलाई कसैले सिभिल अस्पताल पुऱ्याएर भर्ना गरिदिएको पाइयो,' उनले भने, 'त्यसपछि कहाँ कुन अवस्थामा छन् भन्ने यकिन नहुँदा परिवारजन ठुलो चिन्तामा परेका छौँ ।'

चौधरी करिब आधा दशकभन्दा बढी समयदेखि काठमाडौंको पेप्सीकोलामा डेरा लिएर श्रीमती र सानी छोरीसहित बस्दै आएका थिए । हाउसवायरिङको काम गर्दै आएका विजय कताबाट कसरी मंगलबार साँझ बानेश्वर पुगे, कसरी घाइते भए र कसले अस्पतालसम्म पुऱ्यायो भन्नेसम्म पनि यकिन नभएको बाबु हरिप्रसादले बताए । 'संघीय राजधानी काठमाडौंसहित मुलुकका विभिन्न जिल्लामा निषेधाज्ञा, कर्फ्यु भएकाले खोजीका लागि घरबाट पनि कोही जान सकिरहेका छैनौँ, असहज अवस्थाका कारण काठमाडौंमै रहेका आफन्तले पनि सबै अस्पतालहरू पुगेर खोज्न सकिरहेका छैनन्,' उनले भने । उनले छोराको खोजीका लागि सहयोग गर्न अधिकारकर्मी र प्रहरीसँग आग्रह गरेका छन् ।

**सार्वजनिक सम्पत्ति तोडफोड, आगजनी र लुटपाट रोक्न आग्रह**

जिल्ला सुरक्षा समिति सिरहाले केही स्थानमा केही आपराधिक तत्वले गरिरहेको सार्वजनिक सम्पत्ति तोडफोड, आगजनी र लुटपाट तथा समाजमा आतंक सिर्जनाजस्तो आपराधिक काम तत्काल रोक्न आग्रह गरेको छ । आन्दोलनरत पक्षले विरोधका सम्पूर्ण कार्यक्रम स्थगित गरिसकेको र नयाँ सरकार गठनको सुरुवात भइसकेको, कर्फ्युको आदेश जारी भएको समयमा त्यस्तो कार्यलाई गम्भीर अपराध ठहर गरी तत्काल कानुनको दायरामा ल्याउन जिल्ला सुरक्षा समिति क्रियाशील रहेको जनाएको छ । त्यस्ता आपराधिक कार्यलाई नियन्त्रण गर्न स्थानीय नागरिक समाज, सामुदायिक प्रहरी, पत्रकार, स्थानीय संघ-संस्था तथा बौद्धिक समुदायले समेत सहयोग पुऱ्याउन समितिको आग्रह छ ।

सुरक्षा समितिले कर्फ्यु अवधिमा कुनै पनि हालतमा घरबाट बाहिर ननिस्किन, अत्यावश्यक काम परेमा मात्र स्थानीय प्रहरीसँग समन्वय गर्नसमेत आग्रह गरेको

-बाँकी तीन पेजमा

पूर्वउच्च सुरक्षा अधिकारीहरूले भने :

# अन्यौल लामो समय रहे सुरक्षा चुनौती बढ्छ

काठमाडौं, २६ भदौ । पूर्व सुरक्षा उच्च अधिकृतहरूले विद्यमान अवस्था लम्बिए मुलुकमा सुरक्षा चुनौती थपिने चिन्ता व्यक्त गरेका छन् । यथाशीघ्र समस्याको सम्बोधन हुनेगरी राजनीतिक निकास दिनुपर्नेमा उनीहरूको जोड छ । ६ जना पूर्व सुरक्षा प्रमुखले बिहीबार साँझ एक संयुक्त विज्ञप्ति जारी गर्दै पछिल्लो आन्दोलनका क्रममा क्षतिग्रस्त प्रहरी इकाईहरूलाई सुदृढ गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराएका हुन् ।

पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहरा, पूर्व अतिरिक्त महानिरीषक विनोद सिंह, पूर्वसहायक सशस्त्र अतिरिक्त महानिरीक्षक नारायण बाबु थापा, पूर्व अतिरिक्त महानिरीक्षक रमेश कुमार श्रेष्ठ, राष्ट्रिय अनुसन्धान विभागका पूर्व प्रमुख देविराम शर्मा र सुरक्षा-न्याय अध्यक्ष परिषद् केन्द्रका पूर्व प्रहरी अतिरीक्त महानिरीक्षक सुरेन्द्र बहादुर शाहले कठीन अवस्थामा संवेदनशीलता, दूरदर्शिता अपनाउन अपील गरेका छन् ।

'मुलुक तरल अवस्थामा पुगेको यस संवेदनशील घडीमा नागरिकको जीउ धन र सार्वजनिक सम्पत्तिको सुरक्षा हामी सबैको जिम्मेवारी हो । तर, सरकारबिनाको यो अन्योलको अवस्था लामो समयसम्म रहिरहे अवान्छित समूहहरूलाई चलखेल गर्ने अवसर प्राप्त भइ सुरक्षा चुनौती थपिने सम्भावना रहन्छ,' विज्ञप्तिमा छ । आन्दोलन नियन्त्रणका क्रममा न्यूनतम बल प्रयोगको सिद्धान्त, नागरिकको जीवनरक्षा र मानवअधिकारलाई प्राथमिकता दिँदै संयमता अपनाउन सुरक्षाकर्मीलाई उनीहरूको आग्रह छ ।

यस्तै प्रहरीको लामो अनुसन्धानपछि पक्राउ परेका कैदीबन्दी कारागारबाट भागेकाले पनि सुरक्षा चुनौती थपिने पूर्व सुरक्षा प्रमुखहरूको चिन्ता छ । 'देशभरका निजी सम्पत्ति तथा सिंहदरबार, राष्ट्रपति भवन, प्रहरी कार्यालयहरूको भवनहरूलगायत सार्वजनिक संरचनामा भएको ठूलो क्षतिसँगै करिब १३००० कैदीबन्दी

-बाँकी तीन पेजमा

# राजनीतिक निकासका लागि हरसम्भव प्रयास गरिरहेको छु : राष्ट्रपति पौडेल

काठमाडौं, २६ भदौ । राष्ट्रपति रामचन्द्र पौडैलले राजनीतिक निकासका लागि विचार-विमर्शमा रहेको जानकारी गराउनुभएको छ । विज्ञप्ति निकालेर राष्ट्रपति पौडेलले वर्तमान विषम परिस्थितिमा देशलाई संवैधानिक दायरामा रहेर कसरी निकास दिन सकिन्छ र देशमा लोकतन्त्रको संरक्षण तथा शान्ति सुव्यवस्था कसरी कायम गर्न सकिन्छ भनेर आफू विचार-विमर्शसहित हरसम्भव प्रयास गरिरहेको बताउनुभएको हो । उहाँले आन्दोलनकारी नागरिकको माग सम्बोधन गर्न छिटोभन्दा छिटो समस्याको निदानको खोजी भइरहेको विषयमा विश्वस्त हुन र संयमतापूर्वक देशमा शान्ति सुव्यवस्था कायम गर्ने काममा सहयोग गर्न सबै पक्षलाई अपील गर्नुभएको छ ।



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले:**

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पु-याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ वोटविरुवा उम्रनमा सहयोग पु-याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पु-याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पु-याउँछ

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## समाधान खोजौं

नेपाली कांग्रेस, नेकपा एमालेसहितका राजनीतिक दलहरूले प्रतिनिधिसभाबाटै समाधान खोज्न नेपाली सेनालाई सुझाव दिएका छन् । केही युवा नेताहरूले प्रधानसेनापति अशोकराज सिग्देलसमक्ष अहिलेको गणतान्त्रिक व्यवस्थालाई कायम राख्दै संसद्‌बाटै निकास निकाल्नुपर्ने सन्देश दिएका हुन् । 'जंगीअड्डाबाट जेनजी प्रतिनिधिसँग मात्र अहिले संवाद भइरहेको छ, तर त्योभन्दा ठूलो र संगठित शक्ति अझै बाहिरै छौं,' एक नेताले अनलाइनखबरसँग भने, 'यस्तोमा परम्परागत शक्तिलाई बाइपास गरेर हुने कुनै पनि निर्णयले स्थायित्व दिँदैन ।' त्यही सन्देश नेपाली सेनाको जंगीअड्डालाई दिइएको स्रोतले बताएको छ ।

स्रोतका अनुसार, ती नेताहरूले अहिलेको व्यवस्थालाई जोगाएर जेनजीको माग पूरा गर्ने सन्दर्भमा आफूहरू जे गर्न पनि तयार रहेको बताएका छन् । 'संसद्‌मै रहनु भएका नयाँ पुस्ता वा उहाँहरूले छान्नु भएको जो कोहीको नेतृत्वमा सरकार बनाएर जेनजीतर्फबाट समेत प्रतिनिधित्व हुने गरी अघि बढ्न सकिन्छ,' ती नेताले भने, 'त्यही अनुसार सुझाव दिएका छौं ।' स्रोतका अनुसार, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्र समेत एउटा पक्षको मत समेत संसद्‌बाटै जो कोहीलाई अघि सारेर चुनावी सरकार बनाउनुपर्छ भन्ने छ । 'जे गरे पनि यही संविधान अन्तर्गत अघि बढ्नुपर्छ भन्ने हो,' एक सांसद्‌ले भने, 'यो संविधान जोखिममा पर्दा भोलि झन् अप्ठ्यारो परिस्थिति बन्नसक्छ ।'

'अब तपाईंको पुस्ताले नै देशको नेतृत्व गर्नुपर्नेछ, तयार रहनु होला,' बालेनले भनेका थिए । उनले बुधबार समेत संसद् विघटन हुनुपर्ने माग दोहोऱ्याएका छन् । राजनीतिक दलहरूले संसद्‌बाट निकास खोज्नुपर्ने भनिरहँदा भद्रकालीस्थित सैनिक मुख्यालय जंगीअड्डामा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की र प्रधानसेनापति अशोक सिग्देलबीच छलफल चलिरहेको छ । स्रोतका अनुसार, आगामी सरकारको मोडलिटी कस्तो हुने भन्ने विषयमा कुराकानी भइरहेको छ । राष्ट्रपति कार्यालय र नेपाली सेनाले विभिन्न संविधानविद्‌हरुसँग समेत छलफल गरिरहेको स्रोत बताउँछ ।

नेपाली सेनाका उच्च अधिकृतहरूले संवादबाटै समस्याको समाधान निकाल्नुपर्ने बताइरहेका छन् । त्यसका लागि सेनाले सहजिकरण मात्र गर्ने उनीहरूको दाबी छ । २० जनाभन्दा बढी जेनजी प्रतिनिधि आएपछि सबैलाई एकमत बनाएर राष्ट्रपति कहाँ संवाद गराउने उनीहरूले बताएका थिए ।

भ्रष्टाचारविरुद्ध जेनजीले सामाजिक सञ्जालमा आक्रोश पोखिरहेका बेला सरकारले फेसबुक, एक्ससहित २५ सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको थियो । त्यसपछि 'नेपोनेविज' अभियान चलाइरहेका जेनजीले स्वतः स्फूर्त सडक प्रदर्शन घोषणा गरेका थिए ।

सोमबार भएको प्रदर्शनका क्रममा प्रहरीले अत्यधिक बल प्रयोग गर्दा कम्तिमा १९ जना मारिएका थिए, २०० भन्दा बढी घाइते भए । अहिले मृत्यु हुनेको संख्या ३४ पुगिसकेको छ । मंगलबार प्रशासनको कर्फ्यूका बीच प्रदर्शनकारी सुरक्षा घेरा तोडेर बानेश्वरस्थित संसद् भवन प्रवेश गरेका थिए । संसद् भवनमा आगजनी भएपछि जेनजी युवा नारावाजीसहित अन्यत्र हिँडेका थिए । पछि मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत लगायतका स्थानमा समेत आगजनी भएको थियो ।

# कुख्यात अपराधी जेलबाहिर, समाज त्रस्त

अपहरणदेखि व्यक्ति हत्या, तस्करी, बलात्कारसम्मका कुख्यात नाइकेहरू यतिबेला जेल बाहिर छन् । जेल भित्रैबाट पनि बाहिर आफ्नो गिरोह चलाउने ल्याकत राख्ने कैदीहरू भागेपछि समाज त्रसित बनेको छ ।

**नारायण अधिकारी**

काठमाडौं, २६ भदौ । जेनजी आन्दोलनको मौका पारेर कारागारबाट यस्तासम्म कैदी भागेका छन्, जसको नाम सुन्दा पनि समाज त्रस्त हुन्छ । अपहरणदेखि व्यक्ति हत्या, तस्करी, बलात्कारसम्मका कुख्यात नाइकेहरू अहिले जेल बाहिर छन् । जेल भित्रैबाट बाहिर आफ्नो गिरोह चलाउने ल्याकत राख्ने कैदीहरू जेनजी आन्दोलनको मौका छोपेर खुला आकाशमा पाइपुगेका छन् । जेलबाट भाग्नेहरूमा अपहरणकारीका नाइके भारतीय नागरिकदेखि सुन तस्करीका नाइकेसम्म छन् । भागेका कैदीको अवस्थाबारे प्रशासन अहिलेसम्म अनभिज्ञ छ । नेपाल प्रहरीले एक सूचना जारी गर्दै भागेका कैदीबन्दीलाई कारागार फर्कन आग्रह गरेको छ ।

'हिरासतमा रहेका आरोपी, कारागारमा रहेका कैदीबन्दी भागी निस्केकाले यस्ता अभियुक्त र कैदीबन्दीलाई सम्बन्धित प्रहरी वा अन्य सुरक्षा निकायको सम्पर्कमा आउनुहुन अनुरोध गरिएको छ,' प्रहरीले विज्ञप्ति सार्वजनिक गर्दै भनेको छ । प्रहरीको यो अनुरोधपछि केही कैदीबन्दी फर्किए पनि कुख्यात कैदीबन्दीहरू भने अझै फरार छन् ।

**अपहरणकारी किङ सेट्टी फरार**

जेलबाट फरार हुने कैदीमध्ये एक हुन्, भारतीय नागरिक उदय सेट्टी । उनी रसुवा कारागारमा थिए । त्यहाँ रहेका सबै ९८ जना कैदीबन्दी कारागार तोडफोड गरी भागेका थिए । यसरी भाग्नेमा उदय सेट्टी पनि रहेको कारागार प्रशासक कैलाश देवकोटा बताउँछन् । कारागारबाट भागेपछि उनी कहाँ गए भन्ने पत्तो लाग्न सकेको छैन । उनले कैद भुक्तान गर्न अझै करिब २ वर्ष बाँकी थियो । त्यसपछि पनि अन्य ठाउँहरूमा मुद्दा रहेकोले रसुवाबाट छुटेपछि अन्य ठाउँमा लगिने प्रहरीले बताउँदै आएको थियो । फरार सेट्टीको आपराधिक ट्र्याक रेकर्ड हेर्ने हो भने सर्वसाधारणको आङ नै जिरिङ्ग हुने खालको छ । २०६४ सालपछि नेपालमा भएका अधिकांश अपहरण र फरौतीको घटनामा उनको नाम जोडिन्छ ।

२०६४ पछि काठमाडौं, बुटवललगायत देशभर अपहरणको श्रृंखला नै चलेको थियो । १२ फागुन २०६४ मा अपहरणमा संलग्न रहेका २ जना पक्राउ परे । अन्य भने फरार नै थिए । महानगरीय प्रहरी अपराध महाशाखा (हाल काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय)को एन्टी किड्न्यापिङ सेलले २ माघ २०६५ मा ५ जनालाई हतियारसहित पक्राउ गऱ्यो । तिनैमध्ये एक थिए, उदय सेट्टी । उनी काठमाडौंको गोल्फुटार बसेर अपहरणको श्रृंखला चलाउँदै आएका थिए । सेट्टीको समूहले नेपालका १२ प्रतिष्ठित व्यवसायी, चिकित्सक एवं धनाढ्यको अपहरण गरी २ करोड ६९ लाख असुलेको थियो ।

पक्राउ पर्नुभन्दा केही दिनअघि मात्रै सेट्टीले सामाखुसी र बालाजुबाट दुई जनाको अपहरण गरी २ करोड रुपैयाँ फिरौती लिएको थियो । उनी भारतको अन्डरवर्ल्ड डन बब्लु श्रीवास्तव समूहसँग आबद्ध थिए । सन् २००३ मा कपडा व्यापारी पंकज अग्रवाललाई धम्क्याएर ५ करोड फिरौती असुल्न खोजेको आरोपमा सेट्टी पक्राउ परेका थिए । पछि जमानतमा छुटे । कुख्यात डन दाउद इब्राहिम तथा छोटा राजन समूहविरुद्ध सुराकीको काम गर्ने हुनाले ज्यान जोखिमको डरले उनी सन् २००४ मा नेपाल आएका थिए ।

**गोल्ड डन गोरे पनि भागे**

जेनजी आन्दोलनकै मौकामा फरार भएका अर्का कैदी हुन् गोरे उर्फ चुडामणि उप्रेती । सुन तस्करी र व्यक्ति हत्याका नाइके गोरे सुन्धारास्थित केन्द्रीय कारागारबाट फरार भए । जेनजीको प्रदर्शन उग्र बनेपछि कारागारमा आगजनी र तोडफोड गर्दै कैदीहरू भागेका थिए । सुन्धारा कारागारबाट मात्रै ३ हजार ३०० कैदी फरार भएका थिए । नख्खु कारागारबाट निस्केका कैदीबन्दीहरूले राति १० बजेतिर आएर सुन्धारा तोडफोड गरेको सुरक्षा स्रोत बताउँछ । त्यसपछि सुरक्षाका लागि खटिएको नेपाल प्रहरी त्यहाँबाट भागेर आर्मी हेडक्वार्टर पुगेको थियो । त्यसपछि मात्र नेपाली सेना कारागार पुगेको थियो । त्यतिन्जेलसम्म गोरेसहित करिब ३ हजार ३०० कैदीबन्दी फरार भइसकेका थिए ।

सुन्धारा कारागारबाट फरार भएका गोरे साढे ३८ क्विन्टल सुन तस्करी काण्डमा जोडिएका थिए । मोरङ, उर्लाबारीका सनम शाक्यको हत्याको अनुसन्धानका क्रममा प्रहरीले ९ माघ २०७४ मा दुबईबाट आएको साढे ३३ किलो सुन हराएपछि भरियाको रूपमा प्रयोग भएका शाक्यको हत्या भएको पत्ता लगाएको थियो । प्रहरी अधिकारीहरू नै सुन तस्करी प्रकरणमा संलग्न भएको आरोप लागेपछि गृहमन्त्रालयका तत्कालीन सहसचिव इश्वरराज पौडेलको नेतृत्वमा छानबिन समिति बनाएर अनुसन्धान गरिएको थियो । छानबिन समितिले गोरे समूहले सन् २०१५ देखि २०१८ को फेब्रुअरीसम्म साढे ३८ क्विन्टल सुन तस्करी गरेको निष्कर्ष निकालेको थियो । ९ जना प्रहरीसहित ६३ जनाविरुद्ध मुद्दा दर्ता भयो । तर एक किलो पनि सुन भेटिएको थिएन ।

प्रहरीले सुन बरामद गर्न नसकेकै कारण जिल्ला अदालत, मोरङले सबैलाई सफाइ दियो । न्यायाधीश भरत लम्सालको इजलासले १९ असोज २०७८ मा सनम शाक्य हत्या अभियोगमा गोरेसहित ६ जनालाई जन्म कैदको फैसला सुनायो । एक जनालाई ३ वर्ष र अर्का एक जनालाई ६ महिना कैदको सजाय सुनाइएको थियो । जन्म कैदको सजाय पाएका गोरे भने अहिले सम्पर्कविहीन छन् ।

**बम काण्डमा नाइके सञ्जय टक्ला**

जेनजी आन्दोलन चर्किएपछि नख्खु कारागारबाट सुरुमा रवि लामिछाने निस्किए । रास्वपाका नेताहरूले उनलाई स्वागत गरे । रवि छुटेको केही समयमै त्यही नख्खु कारागारबाट कुख्यात अभियुक्त सञ्जय साह टकला निस्के । उनी १२ वर्षदेखि कारागारमा थिए । पूर्वराज्यमन्त्री समेत रहेका उनी जन्मकैदको सजाय भोग्दै थिए । १८ वैशाख २०६९ मा जनकपुरको रामानन्द चोकमा ५ जनाको ज्यान जाने गरी भएको बम विष्फोट घटनाको मुख्य नाइकेको अभियोगमा उनी सजाय काटिरहेका थिए । अदालतको आदेशमा, उनलाई जनकपुरको रेडियो टुडेका सञ्चार उद्यमी अरुण सिंहानियाको हत्या काण्डको पनि मुख्य योजनाकार पनि भनिएको छ ।

बम काण्ड नाइके कुख्यात अभियुक्त टक्ला भने अहिले पक्राउ परेका छन् । उनलाई काभ्रेको मंगलटारबाट प्रहरीले पक्राउ गरेको हो । उनलाई काठमाडौं ल्याउने स्रोतले बतायो ।

**साढे १२ हजार कैदी अझै फरार**

देशभरका विभिन्न कारागारबाट साढे१२ हजारभन्दा बढी कैदीबन्दी फरार भएका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी विनोद घिमिरेका अनुसार१२ हजार ८५२ कैदीबन्दी अझै फरार छन् । देशभरको कारागारबाट भागेकामध्ये एक हजार ४५५ कैदीबन्दी पक्राउ परेका छन् । देशभरका कारागारबाट १४ हजार ५०७ कैदीबन्दी फरार भएका थिए । यसरी फरार हुनेहरूमा चर्चित नक्कली भुटानी शरणार्थी काण्डमा जोडिएकादेखि विभिन्न जघन्य अपराधमा सजाय भोगेकाहरू छन् । व्यक्ति हत्या, अपहरण, बलात्कारदेखि सामान्य मुद्दाका कैदीबन्दीहरू पनि फरार भएका छन् । त्यसैगरी प्रहरी हिरासतमा रहेका ५७३ थुनुवा फरार भएका छन् ।

**बढ्यो सुरक्षा चुनौती**

कारागारमा हुनुपर्ने साढे१२ हजार बढी कैदी अहिले समाजमा गएपछि सुरक्षा चुनौती थपिएको छ । कतिसम्म भने, कारागारबाट भागेकै भोलिपल्ट कैदीले बलात्कार प्रयाससम्म गरिसकेका छन् । जेनजी आन्दोलनको फाइदा उठाउँदै कारागारमा तोडफोड र आगजनी गर्दै फरार भएका कन्चनपुरको दोधाराचाँदनी नगरपालिका–१ का ३५ वर्षीय दीपक सुनार फेरि बलात्कारकै प्रयास गरेको आरोपमा पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय कन्चनपुरका प्रमुख तथा एसपी खडकबहादुर खत्रीका अनुसार, स्थानीयले पक्राउ गरेर बुझाएका उनलाई अहिले कारागारमा राखिएको छ ।

सुनारले दोधाराचाँदनीकी ५० वर्षीया महिलालाई बलात्कारको प्रयास गरेको आरोप छ । बुधबार खाना खाएर सुतेकी ती महिलालाई सुनारले जबरजस्ती गर्न खोजेका थिए । त्यसपछि ती महिला चिच्याएकी थिइन् । महिला कराएपछि सुनार भागेका थिए । भाग्दै गरेका उनलाई स्थानीयले लखेट्दै केही पर पुऱ्याएर खेतबाट नियन्त्रणमा लिए । त्यसपछि उनलाई इलाका प्रहरी कार्यालय दोधारामा बुझाइएको थियो । सुनार यसअघि पनि बलात्कार कसुरमा जेल परेका व्यक्ति हुन् । एक महिलालाई बलात्कार गरेको घटनामा उनलाई ९ वर्ष जेल सजाय तोकिएको थियो । सुनार प्रतिनिधि पात्र मात्रै हुन् ।

उनीजस्तै साढे १२ हजार कैदीबन्दी बाहिर निस्केकाले यसले सुरक्षा चुनौती बढाएको छ । यसअघि नायब महान्यायधिवक्ता रहिसकेका सरकारी वकिल समूहका सचिव रेवतीराज त्रिपाठी पनि यसरी कैदीबन्दी भाग्दा समाज थप अशान्त बन्ने बताउँछन् ।




# पूर्वराज्यमन्त्री सञ्जय टकला काभ्रेबाट पक्राउ

काठमाडौं, २६ भदौ । ललितपुरको नख्खु कारागारबाट भागेका सञ्जय साह 'टकला'लाई प्रहरीले पक्राउ गरेको छ । उनलाई इलाका प्रहरी कार्यालय मंगलटारको टोलीले काभ्रेबाट पक्राउ गरेको हो । जनकपुरबाट काठमाडौं फर्किँदै गर्दा प्रहरी चेकिङको क्रममा उनी पक्राउ परेका हुन् । जेनजी प्रदर्शनकारीले नख्खु कारागार घेरेर भदौ २४ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई निकालेका थिए। सो क्रममा टकला पनि जेलबाट फरार भएका हुन् ।

टकलाई अहिले धुलिखेलमा ल्याइएको जिल्ला प्रहरी कार्यालय काभ्रेका एक जना अधिकृतले बताए । १२ वर्ष देखी नख्खु कारागारमा रहेका साह पूर्व राज्यमन्त्री हुन् । अदालतले उनलाई जन्मकैदको सजाय गरेको छ । २०६९ वैशाख १८ गते जनकपुरको रामानन्द चोकमा ५ जनाको ज्यान जानेगरी भएका बम विष्फोटको घटनामा उनी मुख्य अभियुक्त हुन् ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पुर्वाधार विकास विभाग

## स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, मधेश प्रदेश, जनकपुरधाम

**बाँके नदी मोटरेवल पुल (१०२.५ मि.) निर्माण आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सुचना**

**प्रकाशित मिती: २०८२/०५/२७**

मधेश प्रदेश, सर्लाही जिल्लाको हरिपुर्वा नगरपालिका तथा महोत्तरी जिल्लाको गौशाला नगरपालिकामा स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, मधेश प्रदेश, जनकपुरधामद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **शहरी विकास मन्त्रालय, स्थानीय पुर्वाधार विभाग, स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, मधेश प्रदेश, जनकपुरधाम** |
| प्रस्तावको व्यहोरा | आयोजनाको नाम– बाँके नदी मोटरेवल पक्की पुल निर्माण<br>पुलको लम्बाई– १०२.५ मि. (२५ मि. लम्बाइको ४ स्पान ०.८५ मि.को ३ वटा expansion joints)<br>पुलको चौडाई– ८ मि., वाहन पथ – ६ मि., फुटपाथ – १ मि (दुबै तिर ), फ्रिबोर्ड – १.५ मि.<br>आयोजनाको प्रारम्भिक लागत – रु. १९,३०,३१,०००.० |
| प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड | दायाँ किनार – सर्लाही जिल्लाको हरिपुर्वा नगरपालिका वार्ड नं. ७<br>बायाँ किनार – महोत्तरी जिल्लाको गौशाला नगरपालिका वार्ड नं. ७ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाब पर्दछ भनि या यकिन गर्न सो स्थानको ग.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय–सुझाब लिन आवश्यक भएकाले यो सार्बजनिक प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगना:**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| शहरी विकास मन्त्रालय<br>स्थानीय पुर्वाधार विभाग<br>स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, मधेश प्रदेश, जनकपुरधाम<br>फोन: ०४१–५९०१०८ | शहरी विकास मन्त्रालय<br>सिंहदरबार, काठमाडौं,नेपाल<br>फोन: ०१–४२११६७३/४२११८७३<br>ईमेल: info@moud.gov.np | जि. आई. ईन्जिनिएरिङ्ग एण्ड हुमन रिसोर्सेस एकाडेमी प्रा.लि.<br>शान्तीनगर, काठमाण्डौं<br>फोन: ९८५११२६८१२<br>ईमेल: gie.consultant390@gmail.com |

# शान्तिपूर्ण समाधानका लागि पहल गर्न राष्ट्रपतिसमक्ष पत्रकार महासंघको आग्रह

काठमाडौं, २६ भदौ । नेपाल पत्रकार महासंघले सङ्क्रमणकालीन अवस्थाको अन्त्यसहित शान्तिपूर्ण समाधानका लागि पहल गर्न राष्ट्रपतिसमक्ष आग्रह गरेको छ । महासंघका अध्यक्ष निर्मला शर्माले आज विज्ञप्ति निकालेर मूलतः संविधानले निर्धारण गरेको प्रक्रिया र संस्थाहरूमार्फत समाधान खोज्न माग गर्नुभएको हो । यस्तै कानून व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएशनले अहिलेको संविधानभित्रकै प्रक्रियाबाट देशको राजनीतिक निकास खोज्न राष्ट्रपतिको ध्यानाकर्षण गराएको छ ।

यस्तै विभिन्न पार्टी निकट विद्यार्थी संगठनका १२ जना पूर्वअध्यक्षलगायतका विद्यार्थी नेताहरूले संविधानका आधारमा 'जेन–जी' युवाको माग सम्बोधन गर्नुपर्ने धारणा राखेका छन् । यस्तै बृहत् नागरिक आन्दोलनले संविधानका संरक्षक राष्ट्रपतिको अभिभावकत्वमा 'जेन–जी' क्रान्तिको सफलताको बाटो पहिल्याउनु आजको आवश्यकता भएको ठहर गरेको छ ।

# त्रिविको पठनपाठन छठपछि मात्रै

काठमाडौं, २६ भदौ । त्रिभुवन विश्वविद्यालयको पठनपाठन आउँदो कात्तिक ११ गतेपछि मात्रै शुरू हुने भएको छ । त्रिविले आज सूचना निकालेर असामान्य परिस्थितिका कारण तत्काल पठनपाठन शुरू गर्न समस्या भएको जनाउँदै अब छठपर्वपछि मात्र पठनपाठन हुने जनाएको हो । देशभर विद्यमान असामान्य परिस्थितिका कारण आउँदो हिउँदे बिदाबाट कटौती गर्ने गरी विश्वविद्यालयको सम्पूर्ण पठनपाठन कार्य बन्द गर्ने निर्णय गरेको सूचनामा उल्लेख छ ।

**सार्वजनिक सम्पत्तिको क्षति नगरौं।**

# 'नेताहरूले अब भ्रष्टाचार गर्नुअघि १० पटक सोच्नेछन् जस्तो लाग्छ'

काठमाडौं, २६ भदौ । दुई दिनको जेनजी प्रदर्शनका क्रममा मृत्यु हुनेको संख्या ३० पुगेको छ । १ हजार बढी घाइते छन् । सिभिल, वीर, नेशनल ट्रमा सेन्टर लगायत देशभरका २९ अस्पतालमा उनीहरूको उपचार भइरहेको छ । रिपोर्टिङका लागि सिभिल अस्पताल पुग्दा त्यहाँ अझै पनि ४८ जना घाइतेहरूको उपचार भइरहेको भेटियो । घाइतेहरू राखिएको वार्डमा जाँदा कसैको घाउको ड्रेसिङ भइरहेको थियो त कोही डिस्चार्जको समय कुरिरहेका थिए । अनि कतिपय घाइतेहरू समय कटाउन मोबाइल फोन चलाइरहेका थिए । कुरुवाहरू पनि त्यसैगरी समय कटाइरहेका थिए ।

तीमध्ये अस्पतालको जनरल वार्डको बेड नम्बर २३१ मा अलि फरक दृश्य फरक देखियो । त्यहाँ एक घाइते शय्याबाटै ल्यापटपमा काम गरिरहेका थिए । उनी थिए सलाहीं घर भई टिकाथली बस्दै आएका २४ वर्षीय आनन्द साह । उनी बानेश्वरमा अवस्थित एक आईटी कलेजका विद्यार्थी हुन् । सोमबार बिहानै कलेज सकेर उनी साथीहरूसँगै आन्दोलनमा पुगेका थिए । उनको मनमा एउटा मात्र सोच थियो– भ्रष्टाचारको विरोधमा शान्तिपूर्ण आवाज उठाउनुपर्छ ।

यो उनको पहिलो आन्दोलन थियो । त्यसैले उनी अलि उत्साहित, अलि अनिश्चित पनि थिए । सुरूमा सबै कुरा शान्तिपूर्ण नै देखिन्थ्यो, उनले कल्पना गरेझैं । तर, केही क्षणमै सबै दृश्य बदलियो । अश्रुग्यासको धुवाँले आकाश ढाक्यो । मानिसहरूको आक्रोश र रिस मिसिएर वातावरण भारी बन्यो । धुवाँबाट बच्न उनले पनि भीडसँगै भाग्न खोजे ।

सिभिल अस्पतालनजिक पुग्दा उनको खुट्टामा गोली लाग्यो । 'दाँया खुट्टामा गोली लागेर अर्कोपट्टि निस्किएको थियो । ह ी भाचिएको जस्तो लाग्यो । खुट्टा नै चलाउन सकिनँ,' उनले सम्झिँदै भने । गोली लागेर भुइँमा ढलेपछि उनलाई केही प्रदर्शनकारीहरूले तत्काल अस्पताल लगे । अस्पतालमा दृश्य अझ भयावह थियो । न बेड खाली, न त उपचारको सहज वातावरण । सयौं घाइते भुइँमै लडिरहेका थिए । उनी पनि भुइँमै मलमपट्टीमा सीमित भए । पछि एक्स–रे गर्दा गोली अझै भित्र रहेको देखियो । शल्यक्रिया नगरी निकाल्न खोज्दा असफल भएपछि उनलाई तुरुन्तै अपरेसन थिएटरमा लगियो । उनलाई साँच्चैको प्रहरीको गोली लागेको थियो ।

अस्पतालमा उनको दिदी कुरुवा बसेकी छिन् । उनले सोमबार नै आफूलाई गोली लागेको खबर बुबालाई सुनाएका थिए । त्यहाँ बुबा रिसाउनु पर्नेमा 'मेरो छोरा देशका लागि घाइते भयो' भन्दै गर्व अनुभव गरेको उनले अनलाइनखबरलाई सुनाए । उनका अनुसार बाबुले देशका लागि आन्दोलनमा जाने निर्णयमा समर्थन गरेका थिए ।

देशको पछिल्लो अवस्थाबारे सोध्दा उनले भने, 'आन्दोलन भयो, सत्ता ढल्यो, तर आगोले सबै कुरा जलाउन हुँदैनथ्यो । हिजोका नेताहरूको पतन देख्दा अब कोही भ्रष्टाचार गर्नुअघि दश पटक सोच्नेछन् जस्तो लाग्छ ।' यही कारणले पनि देशको मुहार बदलिन्छ भने भनेर आउटा गोली खाए पनि खुसी नै रहेको उनले सुनाए ।

त्यस्तै भर्खरै कक्षा १२ पास गरेका सन्देश लिम्बु मोबाइल चलाउँदै शय्यामा ढल्किरहेका थिए । उनको फुफू छेवैमा थिइन् । खासै केही बोलिरहेकी थिइनन् । झापाका स्थायी बासिन्दा बताउने सन्देश गोंगबुमा जापानी भाषा पढिरहेका छन् । उनले सामाजिक सञ्जालबाटै सोमबारको आन्दोलनबारे थाहा पाएका थिए । त्यो आन्दोलन आफ्नो पुस्ताका लागि भएको महसुस भएकाले उमेरमा आफूभन्दा सानो भाइसँगै उनी आन्दोलनमा आएका थिए ।

आन्दोलन तनावग्रस्त हुन थालेपछि उनले भाइलाई घर फर्काइदिए । आफू भने आन्दोलनमै रहिरहे । अनि संसद भवनभित्र छिर्ने प्रयास गर्ने भीडको अग्रपङ्क्तिमै बसिरहे । प्रदर्शनकारीहरूले संसद छिर्न खोजिरहेका थिए । प्रहरीले रोकिरहेको थियो । स्थिति तनावग्रस्त भएपछि फायरिङ सुरु भयो । तर भीड अझै अगाडि बढ्न कोसिस गरिरहेको थियो । त्यही बेला एउटा गोली उनको तिघ्रामा लाग्न पुग्यो । उनी खुत्रुकै भुइँमा ढले । तत्काल उनलाई त्यहीँका प्रदर्शनकारीहरूले सिभिल अस्पतालमा ल्याए । त्यसबेला २ बजिसकेको थियो । घाइतेहरूको भीड थेगिनसक्नुको थियो । उनले पनि बेड पाएनन् । उनलाई कुर्सीमै राखेर उपचार गरियो ।

तर उनको रेड्मी ब्रान्डको मोबाइल फोनमा गोली लागेर मात्र शरीरमा छिरेकाले गम्भीर चोट लागेन । उनले हामीलाई उक्त फोन देखाए । उनको मोबाइल फोनको माथिल्लो भागमा गोली छेडेको प्वाल देखिन्छ । तर आफूलाई चोट लागे पनि मन खुसी भएको उनी सुनाउँछन् । अप्रत्यक्ष तरिकाले देशका लागि लडेजस्तै गरेका उनी आफ्नै जोडबलमा डिस्चार्ज हुन लाग्दै थिए । त्यहाँ रहेका बाँकी घाइतेहरूको पनि कुराकानी करिब उस्तैउस्तै छ । अस्पताल प्रशासनका अनुसार एक जनालाई भने आईसीयूमा राखिएको छ । बाँकीको अवस्था सामान्य छ ।

अहिले तुलनात्मक रूपमा यस अस्पतालमा सामान्य बिरामी बढी छन् । घाइतेहरूको माझमा त्यहाँ पत्रकार सागर चन्द भेटिएका थिए । कुराकानी गर्नुअघि उनी पनि आन्दोलनकारी नै हुन् भन्ने लागेको थियो । कुराकानीपश्चात थाहा भयो–उनी पेटको समस्याका कारण गतशुक्रबार नै अस्पताल भर्ना भएका रहेछन् । नियमित उपचारमा रहेका उनले सोमबारको आन्दोलन बिथोलिदा बिनाकारण सास्ती खप्नु रहेको सुनाए ।

कारण–प्रदर्शनकारीहरूलाई भगाउन अस्पतालभित्रै प्रहरी छिर्दा झडप भएको थियो । जसलाई रोक्न प्रहरीले अश्रुग्यास प्रयोग गरेको थियो । त्यसको प्रत्यक्ष असर भोग्नुपरेको उनले सुनाए । घाइतेहरूको अत्यधिक चाप हुँदा स्वास्थकर्मीको अभाव भएको र त्यसले आफ्नो नियमित उपचारमा केही प्रभाव परेको चन्दको भनाइ छ । यसरी आन्दोलन सुरु भएको तेस्रो दिन अस्पतालको माहोल अघिल्ला दिन भन्दा केही शान्त भएको पाइयो । धेरैजसो उपचारपछि घर फर्किसकेका थिए ।

पहिलो दिन अवस्था निकै तनावपूर्ण भए पनि त्यसलाई समालेको अस्पतालका मेडिकल डाइरेक्टर डा.दीपक पौडेलले बताए । 'चाप यति धेरै थियो कि स्वास्थ्यकर्मी र चिकित्सक नै नपुग्लाजस्तो भएको थियो' डा.दीपक पौडेलले भने, 'उता अश्रुग्यासकै असरले स्वास्थ्यकर्मी आफैंलाई पनि असहज भएको थियो । तर, जसोतसो सबै मिलेर काम गर्‍यौं । अब अवस्था बिस्तारै सामान्य हुँदै गएको छ ।'

घाइतेको उपचारमा दुई दिनसम्म अहोरात्र खटिएको अर्थोपेडिक सर्जन डा. नवीन पौडेलले सुनाए । 'हामी सबै चिकित्सक ड्युटी सकिएपछि पनि अस्पतालमै बसेर निरन्तर उपचारमा खटियौं' उनले भने, 'अधिकांश घाइतेलाई हात, पाखुरा र खुट्टामा गोली लागेको थियो ।' उनीहरूका अनुसार सुरुका घण्टाहरूमा घाइतेको संख्या यति धेरै थियो कि प्राथमिक उपचारको क्रममा मात्र डाक्टर र स्वास्थ्यकर्मी थाक्ने अवस्थामा पुगे । तर, निरन्तर प्रयासले अवस्था नियन्त्रणमा ल्याउन सकियो ।

आन्दोलनका सुरुको दिनमा काठमाडौं महानगरपालिका र विभिन्न सामाजिक अभियन्ताहरूले अस्पताल पुगेका घाइते, कुरुवा र स्वास्थ्यकर्मीलाई चाउचाउ, पानी र जुस वितरण गरेर सहयोग गरेका थिए । तर, घाइतेको संख्या बढ्दै गएपछि व्यवस्थित खानाको आवश्यकता महसुस भयो । दोस्रो दिनदेखि सहानुभूति नेपालले नवदुर्गा पार्टी प्यालेससँगको सहकार्यमा बिहान र बेलुकी दुवै समयमा साधारण तर पौष्टिक खाना वितरण गर्न थालेको छ । संस्थापक तुलसी श्रेष्ठका अनुसार ' करिब ५०० जनालाई पुग्ने खाना बनाइन्छ, जसमा बिरामी, कुरुवा र उपचारमा खटिएका स्वास्थ्यकर्मी सबैलाई समेटिन्छ ।' त्यस्तै अस्पतालले सबै घाइतेलाई निःशुल्क उपचार गर्ने निर्णय गरेको छ । सामान्य मलमपट्टीदेखि शल्यक्रिया, औषधि–इन्जेक्सन सबै सुविधा निःशुल्क उपलब्ध गराइएको छ । चिकित्सक, नर्स र अन्य कर्मचारी २४ घन्टा निरन्तर खटिएका छन् ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पुर्वाधार विकास विभाग

## स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, मधेश प्रदेश, जनकपुरधाम

**अर्नामा गाउँपालिका -४ लट्टा टोल देखी हुलाकी राजमार्ग सडक (९.५ कि.मि.) स्तरोन्नति आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सुचना**

**प्रकाशित मिती: २०८२/०५/२७**

मधेश प्रदेश, सिराहा जिल्लाको अर्नामा गाउँपालिकामा स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, मधेश प्रदेश, जनकपुरधामद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **शहरी विकास मन्त्रालय, स्थानीय पुर्वाधार विभाग, स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, मधेश प्रदेश, जनकपुरधाम** |
| प्रस्तावको व्यहोरा | अर्नामा गाउँपालिका -४ लट्टा टोल देखी हुलाकी राजमार्ग सडक आयोजना (स्तरोन्नति)<br>अर्नामा गाउँपालिका -४ लट्टा टोल देखि गौरीपुर, लक्ष्मीपुर, बालुवाटोल, कृष्णपुर हुँदै अर्नामा गाउँपालिका - ५, रदिया सम्मको ९.५ कि.मि. सडकको विद्यमान सतहलाई स्तरोन्नति तथा कालोपत्रेन्न<br>**फर्मेसन चौडाई :** नाली बाहेक ७.० मि., क्यारिज वे: ५.५ मि., शोल्डर: ०.७५/०.७५ मि. दुबै छैउ |
| प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड | सिराहा जिल्लाको अर्नामा गाउँपालिकाको वार्ड ४ र ५ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाब पर्दछ भनि या यकिन गर्न सो स्थानको ग.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्बजनिक प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगना:**

| **प्रस्तावकको नाम र ठेगाना** | **सम्बन्धित मन्त्रालयको नाम र ठेगाना** | **परामर्शदाताको नाम र ठेगाना** |
|---|---|---|
| शहरी विकास मन्त्रालय<br>स्थानीय पुर्वाधार विभाग<br>स्थानीय पुर्वाधार विकास आयोजना कार्यालय, मधेश प्रदेश, जनकपुरधाम<br>फोन: ०४१-५९०१०८ | शहरी विकास मन्त्रालय<br>सिंहदरबार, काठमाडौं,नेपाल<br>फोन: ०१-४२११६७३/४२११८७३<br>ईमेल: info@moud.gov.np | एपोलो ईन्जिनिएरिङ्ग एण्ड कम्पनी प्रा.लि.<br>शान्तिनगर, काठमाडौँ<br>सम्पर्क : ९८५११२६८१२<br>ईमेल: appolo.engineering2014@gmail.com |

# शैक्षिक संस्था खोल्नेबारे

# अन्योल, प्रविधि र पुस्तकलाई जोडेर घरमै शिक्षा लिन सकिने

काठमाडौं, २६ भदौ । आजका पुस्ताले नयाँ प्रविधिलाई आत्मसात् गर्दै शिक्षा लिइरहेकाले शिक्षालय बन्द भए पनि सिकाइलाई निरन्तरता दिन सकिने शिक्षाविद् डा. विद्यानाथ कोइरालाले बताउनुभएको छ । हिजोका पुस्ताले जंगलबाट शिक्षा लिएका थिए तर आजका पुस्ताले प्रविधिमा शिक्षा लिइरहेकाले त्यसैलाई स्वीकार गरी पठनपाठनलाई निरन्तरता दिनुपर्नेमा कोइरालाको जोड छ । अबको शिक्षाले प्रविधि, पुस्तक र पुर्खालाई पनि जोड्नुपर्ने उहाँ बताउनुहुन्छ । अहिलेको विषम परिस्थितिमा घरमै बसेर पढ्न सकिने तर त्यसका लागि तीन तरिका रहेको शिक्षाविद् कोइरालाले उल्लेख गर्नुभयो ।

पुरानो तरिका, आधुनिक तरिका तथा पुरानो र आधुनिक जोडेर नयाँ तरिका अपनाएर पढ्न सकिन्छ । पुरानो तरिका भनेको बाँस भेट्टाए बाँसमै केही सिक्ने, रुख भेट्टाए रुख नै पढ्ने । जनावर भेट्टाए जनावर नै पढ्ने । दोस्रो भनेको आधुनिक तरिका हो । यो प्रविधिमा आधारित रहेर पढ्ने तरिका हो । यो तरिका आजभोलिको व्यवस्था अनुसार को हो । तेस्रो तरिका भनेको आधुनिकता र पुरानो तरिका जोड्ने हो । पढाउने विषयलाई जिन्दगीका कुरासँग जोड्न सकियो भने शिक्षालय बन्द हुँदा पनि सिक्ने/सिकाउने कामले निरन्तरता पाउँछ । यो अभ्यासले शिक्षासँगै जीवनोपयोगी सीप पनि सिक्न सकिन्छ ।

कोरोना (कोभिड-१९) महामारीको समयमा एकअर्कालाई छुन पनि नमिल्ने हुँदा डरलाग्दो परिस्थिति थियो । अहिले त्यो बेलाजस्तो अवस्था छैन । यो बेला वर्तमान अवस्थाका बारेमा ज्ञान लिन सकिन्छ र यस विषयमा छलफल पनि गर्न सकिन्छ तर यसका लागि फेरि पठनपाठन नै जरुरी रहेको छ । शिक्षक र शिक्षालयले पढाइलाई किताब, घर, अनुसन्धान र प्रविधिसँग जोड्नुपर्छ । शिक्षकहरूले समस्या समाधानका उपायमा सहयोग गर्न पनि सक्ने भएकाले शिक्षालय बन्द हुँदा पनि कुनै बाधा व्यवधानबाट पढाइलाई परियोजनासँग जोडेर सिकाउन सक्छन् । अहिलको परिदृश्य र सामाजिक सञ्जालमा देखिएका घटनाले कतिपयको मन अशान्त पनि रहन सक्छ । तर यो बेला बुद्धको चिन्तन स्मरण गरी अघि बढ्न जरुरी छ । बुद्धले भन्नुभएको छ, जुन कुरा हामीले बदल्न सक्दैनौँ, त्यसमा पीडा लिएर अलमलिएर बस्नुको कुनै अर्थ छैन ।

# 'संविधानको रक्षा गर' भन्दै रौतहटमा राजनीतिक दल सडकमा



रौतहट, २६ भदौ । देशमा जारी संकटपूर्ण परिस्थितिको विरोधमा रौतहटको कटहरिया र चन्द्रनिगाहपुरमा नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीका नेता तथा कार्यकर्ताहरूले संयुक्त प्रदर्शन गरेका छन् । 'संविधानको रक्षा गर, राष्ट्रपतिलाई सार्वजनिक गर' जस्ता नारा लगाउँदै उनीहरूले बिहीबार सडकमा प्रदर्शन गरेका हुन् । प्रदर्शनमा सहभागी नेता-कार्यकर्ताहरूले संविधानको सीमाभित्र रहेर मात्र राष्ट्रिय संकटको निकास खोजिनुपर्नेमा जोड दिएका छन् ।

कटहरियामा आयोजित कोणसभालाई सम्बोधन गर्दै नेकपा एमालेका केन्द्रीय सदस्य कुन्दन कुशवाहाले 'जेनजी' आन्दोलनको नाममा देशभर भएका तोडफोड, आगजनी र विध्वंसका घटनाहरूको छानबिन हुनुपर्ने माग गरे। उनले देशमा विदेशी सेना भित्र्याउने चलखेल भइरहेको आरोप लगाउँदै त्यसलाई रोक्न जेनजीलाई नै आग्रह गरे । कुशवाहाले नेपालको सुरक्षाका लागि नेपाली सेना पर्याप्त रहेको दाबी गर्दै आन्दोलनका क्रममा सर्वोच्च अदालत र स्थानीय तहका कार्यालयहरूमा भएका आगजनीको सत्यतथ्य छानबिन गर्न सरकारसँग माग गरे। उनले कटहरिया नगरपालिकामा भएको आगजनीलाई 'सुनियोजित' भन्दै त्यसको पनि छानबिन आवश्यक रहेको बताए । उनले संविधान र लोकतान्त्रिक मूल्य-मान्यताको रक्षाका लागि सबै नेपाली जनता एक हुनुपर्नेमा जोड दिएका थिए।

### *आन्दोलनका क्रममा...*

छ । आन्दोलनका क्रममा मंगलबार जिल्ला सदरमुकाम सिरहास्थित जिल्ला अदालत, नगरपालिका, नापी तथा जिल्ला सरकारी वकिल कार्यालय र लहान नगरपालिकासहित करिब एक दर्जन सरकारी कार्यालय तोडफोड, आगजनी भएको थियो । आन्दोलनको नाममा मंगलबार अपराह्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको गोदाममा रहेको १० करोड रुपैयाँभन्दा बढीको चामल, चिनी, ८० हजार थान जुटका बोरा लुटपाट भएको थियो ।

### *पूर्वउच्च सुरक्षा ...*

कारागारबाट भाग्नु गम्भी सुरक्षा चुनौती बनेको छ । प्रहरीको लामो अनुसन्धान र मिहिनेतपछि पक्राउ परेका अपराधी समाजमा फर्कनुले नागरिकमा भय बढाएको छ,' विज्ञप्तिमा उल्लेख छ । जेनजी युवाहरूको आह्वानमा भदौ २३ र २४ गते काठमाडौंसहित देशका विभिन्न शहरमा भएको प्रदर्शनमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै पूर्व सुरक्षा प्रमुखहरूले घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्न माग गरेको छ ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट** : मार्गानुगामी दैनिक **कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)